# बिद्यालय खुल्लाको बारे जानकारी पत्र

विद्यालय बन्द, स्थान परिवर्तन र समन्वयका कारणले असर भएका आमाबुबा र विद्यार्थीहरुको लागि बिद्यालयको पहिलो दिनकोलागि जानकारी प्रदान गर्न यो पत्र बनाइको हो।






## विद्यार्थीहरुको लागि सुरक्षित गल्लीहरु सुनिश्चित गर्न जिल्ला र शहर साझेदरी कार्यक्रम

फिलाडेल्फियामा बस्न र काम गर्न सुरक्षित बनाउन समर्पित भएको शहर निगरानी एकीकृत सेवा (Town Watch Integrated Services या TWIS) ले फिलाडेलफीया शहर सँग साजेदार भइ, आउँदो शैक्षिक बर्षमा सुरक्षित गल्लीहरु बढाउन अरु साझेदारहरु जम्मा गरेको छ।

“वाक सेफ पि यच एल” (WalkSafePHL) ले विद्यालय जान र आउन विद्यार्थीले लिनु पर्ने बाटो निर्धारित गर्न प्रशिक्षण र सामाग्री प्रदान गरी आमाबुबा र समुदायको निवासिहरुलाई सहयोग प्रदान गर्दछ। विद्यार्थीहरु आफ्नो गन्तव्यमा सुरक्षित रुपमा पुग्न सुनिश्चित गर्न स्वयम्सेवकहरुले बाटोहरुको हेर्ने छन्।

जिल्लाको विद्यालय सुरक्षा कार्यालय “टि दुब्लु आइ एस्” सँग काम गरी “वाक सेफ पि यच एल” कार्यक्रममा भाग लिएका परिवार र समुदायहरु सँग यो गर्मी महिनामा संलग्न हुन खोजेका छन्। "हाम्रो कार्यालय विद्यार्थीहरुलाई सुरक्षित बातावरण प्रदान गर्न प्रतिबद्ध छ" भनेर फिलाडेल्फिया बिद्यालय जिल्लाको प्रमुख ईन्स्पेक्टर प्रमुख डोरसीले भन्नु भएको थियो "र यो लक्ष्य पुरा गर्न सुरक्षा गल्लीको स्थापना गर्नु एउटा महत्वपूर्ण कदम हो।"

**हामी कस्तो गर्दै छौं?**

नयाँ शैक्षिक बर्षमा विद्यार्थीहरु प्राप्त गर्ने बिद्यालयहरुको प्रगतीको बारे छोटो जानकारी:

**पुरा भएको प्रतिशत**

| | |
|---|---|
| विद्यार्थीहरु प्राप्त गर्ने बिद्यालयहरु को सुबिधाहरु सुधार्न पुरा गरिएको काम | ६८ % |
| विद्यार्थी प्राप्त गर्ने बिद्यालयमा प्रधानाध्यापक सुनिश्चित भएको | ९८ % |

**संख्या**

| | |
|---|---|
| प्राप्त गर्ने बियालयहरु जस्मा बियालय बहिर समय कार्यक्रम सुनिश्चित गरिएको छ | २० |

टि दब्लु आइ एस् को अतिरिक्त सुरक्षित गल्ली कार्यक्रममा बाइसाईकल कोअलिशन, बिल्ड अन, एडुकेश्न वोर्क्स, मेयरको नागरिक व्येवसाय र स्वयम्सेवा कार्यालय, मेयरको शिक्षाको कार्यालय, फिलाडेल्फिया प्रहरी बिभाग, फिली राइसिङ कोलाबोरेटिव, सार्वजनिक सुरक्षा कार्यालय, फिलाडेल्फिया बिद्यालय जिल्ला, र सेप्टा प्रहरी।

“वाक सेफ पि यच एल” मा सम्मिलित हुन मन भएको आमा बुवा र समुदायका सदस्यहरुले अनथोनी मरफी (Anthony Murphy) लाई ईमेल मा संपर्क गर्नु होला Anthony.murphy@phila.gov.



## नयाँ आप्रवासी विद्यार्थीहरुको लागि बिशेष दर्ता र मुल्याङ्कन अगस्ट महिनामा सुरु हुन्छ

अगस्ट महिनामा बुहुभाषी पाठ्यक्रम र कार्यक्रम कार्यालय (Office of Multilingual Curriculum and Programs) ले अनुवाद र व्याख्याको साथ नयाँ आप्रवासी विद्यार्थीहरुलाई नयाँ विद्यार्थी भर्ना प्रक्रिया पुरा गर्न सहयोग गर्छ।

यो सेवा अगस्ट ५ देखी अगस्ट ३० सम्म ४४० नोर्थ ब्रड स्त्रिट मा भएको बियालय जिल्लाको बहुभाषी मुल्याङ्कन केन्द्रमा (Multiligual Assessment Center) सेवा प्रदान गरिने छ। आमा बुबाहरुलाई दर्ताको प्रक्रियाको बेला सहयोग प्रदान गर्न, बालकहरुलाई इसोलको लागि नियुक्त गर्न र फिलाडेल्फिया बियालय जिल्लाको बारे सहयोग सामाग्री र जानकारी प्रदान गर्न स्टाफ सदस्य उपलब्ध हुने छन्।

पछील्लो बर्ष म्याक (MAC) ले ७० वटा देशको ४० वटा भाषा बोल्ने ८०० विद्यार्थीहरुको मुल्याङ्कन र दर्ता गरेको थियो।

थप जानकारी वा अप्पोइन्टमेन्ट बनाउनको लागि कृपया बहुभाषी मुल्याङ्कन केन्द्रलाई २१५ ५०० ४२४० मा फोन गरी एक थिच्नु होला।

के: यो देशमा भर्खरै आएका बालकहरुको परिवारहरुलाई दर्ता गर्न सहयोग

कहाँ: ४४० नोर्थ ब्रोड स्त्रिट पहिलो तल्ला कोठा ११९५

कहिले: अगस्त ५ देखी अगस्त ३०, २०१३ सोमबार देखी शुक्रबार बिहानको ८:३० देखी ६:०० बजे सम्म




## संपर्क गर्ने फोन नम्बरहरु

| केही कुरा बारे प्रश्न भए... | संपर्क गर्नुहोस् |
|---|---|
| शैक्षिक सुधार र सहयोग बिभागले संगीत, कला, न्रित्य, नाटककला, शारिरिक शिक्षा, बिद्यालयको बाहिरको समय, खेलकुद, पाठ्यशाला, र विश्व भाषाका क्षेत्रमा निर्देशन वेवसाय बिकास प्रदान गर्छ। | २१५ ४०० ५९०२ |
| उपस्थिती र अनुपस्थिती बिभागले विद्यार्थीहरुको उपस्थिती सुधार्न र अनुपस्थिती कम गर्न सहयोग सेवा प्रदान गर्छ। | २१५ ४०० ४२२० |
| व्यवसाय र टेकनीकल शिक्षा बिभागले व्यवसायिक र टेकनीकल शिक्षामा भाग लिएका विद्यार्थीहरुलाई कार्यक्रम र सेवा प्रदान गर्छ। | २१५ ४०० २३३१ |
| बाल्यकाल शिक्षा बिभागले जन्म देखी ६ बर्षका बालक र परिवारहरुलाई कार्यक्रम र सेवा प्रदान गर्दछ | २१५ ४०० ४२७० |
| परिवार र समुदाया बिभागले परिवार र समुदायाका सदस्यहरुलाई बिद्यालय जिल्लाका कार्यक्रम र सेवाहरुमा भाग लिने सहयोग प्रदान गर्छ | २१५ ४०० ४१८० |
| बहुभाषी शिक्षा बिभागले बहुभाषी परिवार र विद्यार्थीहरुलाई सहयोग प्रदान गर्छ | २१५ ४०० ४२४० |
| विद्यार्थी नियुक्ती बिभागले विद्यार्थीहरुको सरुवाको अनुरोधको मुल्याङ्कन गर्छ र विद्यार्थीको सरुवा निर्धारित गर्छ। | २१५ ४०० ४२९० |
| विद्यार्थी रेकोर्ड बिभागले (ट्रान्स्क्रिप्ट, प्रमाण, अदालतमा बोलाइएको पत्र, अपाङ्ग भएको विवरण जस्ता) विद्यार्थीहरुको रेकोर्ड राख्छ र अनुरोधको अनुसार प्रदान गर्छ | २१५ ४०० ४७८० |
| बिशेष शिक्षा सेवा बिभागले बिशेष शिक्षा, बिशेष सहयोग र विद्यार्थी स्वास्थ सेवा प्रदान गर्छ | २१५ ४०० ४१७० |
| विद्यार्थी सुरक्षा बिभाग बिद्यालयका प्रशासकहरु, प्रहरीहरु, विद्यार्थीहरु, आमा बुवा र समुदायका सदस्यहरु सँग संलग्न भइ बिद्यालय भित्र र बाहिर विद्यार्थीको सुरक्षा सुधार्न काम गर्छ | २१५ ४०० ४७१० |
| यातायात बिभागले फिलाडेल्फिया क्षेत्र भित्र सार्वजनिक, गैर सार्वजनिक, चार्टर, धार्मिक र निजी बिद्यालय जाने विद्यार्थीहरुलाई सुरक्षित यातायात सेवा प्रदान गर्छ | २१५ ४०० ४३५० |
| सामान्य जानकारी | २१५ ४०० ४००० |

## युनाईटेड वे (United Way) ले संक्रमणलाई सहयोग गर्न ५०,००० डलर अनुदान दिएको छ

युनाईटेड वे अफ ग्रेटर फिलाडेल्फिया एन्ड साउथर्न न्यू जेर्सी (United Way of Greater Philadelphia and Southern New Jersey) (UWGPSNJ) ले बन्द भएका विद्यालयहरुबाट सेप्टेम्बर नयाँ कक्षाहरुमा संक्रमण गर्न विद्यार्थीहरुलाई सहयोग प्रदान गर्न पछील्लो हप्ता फिलाडेल्फिया बियालय जिल्लालाई ५०,००० डलर प्रदान गरेको छ।

यो अनुदान जुन यु डब्लु जि पि एस् एन जे र बालक र युवाहरुको लागि सार्वजनिक नागरिक को साझेदारी द्वारा प्रदान गरिएको हो र यो अनुदानले लग भग ४० वता विद्यालयका प्रधानाध्यापकहरुलाई नयाँ विद्यार्थीहरु र उनीहरुका आमाबुबा र अभिभावकहरुलाई नयाँ बियालयमा स्वागत गर्न र संलग्न गराउन सस्तो कार्यक्रमको आयोजना गर्न योग्य बनाउने छ।

### सामान्य विद्यार्थी दर्ता सोमबार अगस्ट १९ मा सुरु हुन्छ

छिमेकको बियालयमा सोमबार अगस्ट १९ तारीख खुल्ला हुन्छ। दर्ता गर्ने समय यि हुन:

सोमबार, मंगलवार, बिहीवार, र शुक्रबार: बिहानको ८ बजे देखी दट्ठुसोको १ बजे सम्म

बुधवार: बिहान ११ बजे देखी दिउसोको ४ बजे सम्म

बियालय जिल्लाको वेबसाईटको विद्यालय खोज्ने प्रणाली (School Finder) चलाई आमाबुबाहरुले विद्यार्थीको लागि प्राथमिक, माद्यामिक र उच्च माद्यामिक निर्धारित गर्न सक्ने छन्।: www.philasd.org/schoolfinder.

छिमेकको बियालयमा दर्ता पुरा गर्न आमाबुबाहरुले दर्ताको लागि चाहिने कागज पत्र, विद्यालय खुल्ला वेबसाइट मा सुची हेरेर समिक्षा गर्नु पर्ने छ: www.philasd.org/schoolopening.

PCCY Public Citizens for Children and Youth